**Butwal Campus Journal, Vol. 7, No. 1: 12-24, August 2024**
Research Management Cell, Butwal Multiple Campus, Tribhuvan University, Nepal
DOI: https://doi.org/10.3126/bcj.v7i1.71706

# कोही किन बरबाद होस् नाटकमा मनोविज्ञान

**शालिकराम पौड्याल**
**बुटवल बहुमुखी क्याम्पस, त्रि.वि.**
Orcid ID : https://orcid.org/0009-0007-6023-9864

**प्रेमप्रसाद तिवारी**
**बुटवल बहुमुखी क्याम्पस, त्रि.वि.**
Orcid ID : https://orcid.org/0009-0007-4433-7501

## लेखसार

*प्रस्तुत लेखमा विजय मल्लद्वारा लिखित केही किन बरबाद होस् नाटकमा प्रयुक्त मनोविज्ञानको विश्लेषण गरिएको छ । यस लेखमा केही किन बरबाद होस् नाटकलाई प्राथमिक स्रोतको सामग्रीका रूपमा उपयोग गरिएको छ भने सिद्धान्त निर्माणका क्रममा उपयोग गरिएका कृतिलाई द्वितीयक स्रोतका सामग्री मानिएको छ । यस लेखका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस लेखमा पात्रको मानसिक अवस्थालाई हीनताबोध र परपीडन, मातृरति ग्रन्थि र अतृप्त मनोविकार, वात्सल्य मनोविज्ञान, अभिघात मनोविज्ञान तथा समाज मनोविज्ञान जस्ता मनोवैज्ञानिक आधारमा विश्लेषण गरिएको छ । यस लेखमा कोही किन बरबाद होस् नाटकमा आएको प्रमुख पात्र ध्रुवमा रहेको मानसिक समस्या समाधानका लागि अन्य पात्रले खेलेको भूमिका तथा ध्रुवका कारण अन्य पात्रमा देखिएको मानसिक समस्या केलाउने कार्य गरिएको छ । यस लेखमा ध्रुव मातृत्वको अभावका कारण कुमार्गमा लागेको र उसलाई कमलाले मातृत्व प्रदान गरेपछि आचरणमा सुधार आएको अवस्थालाई देखाइएको छ । यस लेखमा मानसिक समस्याका कारण विकृत बनेको व्यक्तिलाई सही मार्गका ल्याउने उपाय भनेकै मनोवैज्ञानिक उपचार हो भन्ने निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जी :*** *अभिघात, परपीडन, मनोविज्ञान, मातृरति, हीनताबोध*

## विषयपरिचय

विजय मल्लको (१९८२–२०५६) नेपाली साहित्यका बहुआयामिक प्रतिभा हुन् । विजय मल्ल नेपाली साहित्यमा समस्यामूलक नाटकका जन्मदाता हुन् भने मनोवैज्ञानिक नाटककार पनि हुन् । यिनका रचनामा यथार्थवादी प्रवृत्तिलाई मनोविश्लेषणसँग सम्बन्धित बनाइएको हुन्छ । मल्लका रचनामा नवीन परम्परा र प्रवृत्तिको प्रस्तुति दिइएको हुन्छ भने वर्तमान समाजमा देखिएका समस्याको जटिलता र गम्भीरता अनि मानवीय जीवनको मूल्यगत ह्रासपूर्ण अवस्थालाई स्पष्ट पारिएको हुन्छ । समाजमा रहेका पात्रहरूलाई टपक्क टिपेर चरित्रचित्रण गर्ने मल्लका रचनामा समाजका कुरीति, कुसंस्कारलाई जरैदेखि उखलेर फाल्ने कार्य गरिएको हुन्छ । यिनका रचनामा बालमनोविज्ञानको अभिव्यक्ति पनि दिइएको छ । *कोही किन बरबाद होस्* नाटक वि.सं. २०१३ देखि लेखन कार्य सुरु गरी २०१५ सालमा पूरा गरिएको हो । यसको प्रकाशन भने वि.सं. २०१६ मा भएको हो । विकृत अवस्थामा पुगेको बालमस्तिष्कको सजगताका साथ अध्ययन गरी त्यसको निराकरण गर्न विभिन्न उपाय अपनाइएको यो नाटक बालमनावैज्ञानिक नाटक हो । त्यसैगरी समस्यालाई उजागर गरी त्यसको निराकरण गर्ने प्रयाससमेत गरिएको हुँदा यो नाटक बालमनोवैज्ञानिक समस्यामूलक नाटक

पनि हो । यसमा आमाविहीन हुँदा पुत्रले आमाको मायाममता पाउन नसक्ने र फलतः त्यसबाट विक्षिप्त भई उपद्रो गर्ने कुरा देखाउँदै त्यसको समाधान मनोवैज्ञानिक तरिकाले गरिएको छ । *कोही किन बरबाद होस्* नाटकलाई फ्रायड, एडलर तथा युङ्गद्वारा प्रतिपादित मनोविश्लेषणवादी सिद्धान्तका आधारमा विश्लेषण गर्ने कार्य यस लेखमा गरिएको छ । *कोही किन बरबाद होस्* नाटकमा केकस्ता मनोवैज्ञानिक असर देखिएका छन् भन्ने प्राज्ञिक समस्यामा केन्द्रित रही मनोविज्ञानका अभिलक्षणको अध्ययन गर्नु नै यस लेखको मुख्य उद्देश्य रहेको छ । विजय मल्लद्वारा लिखित *कोही किन बरबाद होस्* नाटकका अन्य विविध पक्षका बारेमा अध्ययन गरिएका भए पनि यसको समग्र मनोवैज्ञानिक अध्ययन नभएकाले यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन सोद्देश्यमूलक छनोटमा आधारित गुणात्मक प्रकृतिको रहेको छ । यस लेखमा विजय मल्लको *कोही किन बरबाद होस्* नाटकलाई प्राथमिक स्रोतको सामग्रीका रूपमा उपयोग गरिएको छ भने सिद्धान्त निर्माणका लागि उपयोग गरिएका तथा यस नाटकका विषयमा गरिएका समीक्षालाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यी दुवै स्रोतका सामग्री सङ्कलनका लागि पुस्तकालयीय कार्यलाई आधार बनाइएको छ । सङ्कलित सामग्री विश्लेषणका लागि फ्रायड, एडलर र युङ्गद्वारा प्रतिपादित मनोविज्ञानको सिद्धान्त उपयोग गरी पाठविश्लेषणका आधारमा सत्यापन गरिएको छ ।

## मनोविज्ञानको सैद्धान्तिक पर्याधार

मानिसको मनका प्रकृति, उसका विभिन्न अवस्था तथा क्रिया र त्यसमा पर्ने प्रभाव आदिको अध्ययन विश्लेषण गर्ने विज्ञानलाई मनोविज्ञान भनिन्छ । स्रष्टाको साहित्यिक कृतिमा व्यक्त भएको मानसिकता, कृतिभित्र अन्तर्निहित पात्रहरूको मनोदशा, स्रष्टाको आन्तरिक व्यक्तित्व, कृतिले भावकको मनमा पार्ने प्रभाव आदि कुराहरूको विश्लेषण गर्ने समालोचना प्रणालीलाई मनोविज्ञानपरक समालोचना प्रणाली भनिन्छ । मनोविज्ञानपरक समालोचना प्रणालीको स्थापना बिसौँ शताब्दीमा भए पनि यसको स्थापनापूर्व साहित्यमा मनोविज्ञानको प्रयोग हुँदै आएको पाइन्छ । फ्रायडले मनोरोगीहरूको अध्ययन गर्ने क्रममा मनोविज्ञान सिद्धान्तको प्रतिपादन गरे र यही फ्रायडेली मनोविज्ञानको सिद्धान्तका आधारमा डा. अर्नेस्ट जोन्सले सेक्सपियरेली नाटक *हयाम्लेट*का पात्रहरूको मनोविश्लेषणात्मक अध्ययन गरेपश्चात् मनोविज्ञानपरक समालोचना प्रणालीको सैद्धान्तिक तथा प्रायोगिक परम्पराको सुरुवात भएको मानिन्छ (श्रेष्ठ, २०५४, पृ.२००) । मनोविज्ञानपरक समालोचना प्रणालीका अनुसार साहित्य स्रष्टाको आन्तरिक मनको अभिव्यक्ति हो । स्रष्टाको यौनवृत्ति, त्यसको दमन, चेतन, अचेतन, मानसिक कुण्ठा, मनोविकृति आदि विभिन्न अवस्थाले मानसिक सङ्घर्ष उत्पन्न भई उसको मनोरचनाको निर्माण हुन्छ । स्रष्टाले त्यही मनोरचनाको अभिव्यक्ति गर्ने क्रममा साहित्यिक कृतिको सिर्जना गर्दछ । यही साहित्यिक कृतिमार्फत् स्रष्टाले भावकको मनमा मानसिक प्रभाव पार्दछ ।

भियनाका मनोचिकित्सक सिग्मन्ड फ्रायड (सन् १८५६-१९३९) मनोविज्ञानका जनक र विकासकर्ता हुन् । फ्रायडले व्यक्तित्वका दुईओटा पक्षलाई ध्यानमा राखेर मनौवैज्ञानिक अध्ययन गरेका छन् । उनले मानिसको मानसिक अवस्थाको चित्रण गर्ने क्रममा मनका विभिन्न अवस्थाको गम्भीर अध्ययन गरेका छन् । फ्रायडले गत्यात्मक आधारमा मनलाई इदम्, अहम् र परा अहम् तथा आकारात्मक आधारमा मनलाई चेतन, अवचेतन र अचेतन गरी विभक्त गरेका छन् । फ्रायडले मानिसको मनलाई चेतन, अवचेतन र अचेतन गरी तीन तहमा विभक्त गरेर अचेतन मनलाई नै

कला साहित्यको मूल प्रेरक ठान्छन् (श्रेष्ठ, २०५४, पृ. २००) । फ्रायडका अनुसार मान्छेका दमित अवस्थामा रहेका कुण्ठाहरू बढ्दै जाँदा तिनीहरूले बाहिर प्रस्फुटित हुने अवसर खोज्दै जान्छन् । यस क्रममा यस्ता कुण्ठाहरू अवचेतन मनमार्फत् स्वप्न, दिवास्वप्न, मनोविकार, सामान्य असामान्य क्रियाकलाप, राम्रा नराम्रा कार्यमार्फत परिवर्तित भएर बाहिर प्रकट हुने क्रममा सोझै प्रकट नभई छद्म रूप धारणा गरेर विभिन्न बिम्बप्रतीकका माध्यमबाट अभिव्यक्ति हुन्छन् । यसरी दमित इच्छाहरूले छद्म रूप धारणा गरेर प्रकट हुने क्रममा कलासाहित्यको सिर्जना हुन्छ ( अधिकारी, २०६१, पृ. ४२) । फ्रायडवादी मनोविज्ञानको मान्यताअनुसार स्रष्टाको मानसिकता कृतिमा प्रतिबिम्बित हुन्छ र कृतिको मानसिकताले भावकको मानसिकतामा प्रभाव पार्छ । यसरी स्रष्टाको मानसिकता, कृतिको मानसिकता र भावको मानसिकता गरी समष्टि मानसिकताको अध्ययन विश्लेषण गर्ने काम मनोविज्ञानपरक समालोचना प्रणालीले गर्छ ।

## हीनताबोध र परपीडन

अलफ्रेड एडलर (सन् १८७०-१९३७) ले अहम् स्थापनालाई जीवनको प्रेरणास्रोत मान्छन् । एडलरका अनुसार संसारका प्रत्येक व्यक्ति कुनै न कुनै हीनभावनाको सिकार भएको हुन्छ । यही हीनत्व भावका कारण मान्छेमा हीनताग्रन्थिको विकास हुन्छ । यसै कारणले मान्छेमा कुनै प्रेरणाको जन्म हुन्छ र उसले कुनै माध्यमद्वारा यसको क्षतिपूति गर्न चाहन्छ । यसरी व्यक्तिले आफूमा भएको हीनत्व भावको क्षतिपूर्तिस्वरूप कुनै न कुनै कार्य गरेर उच्चता प्राप्त गर्न चाहन्छ (भण्डारी, २०५८, पृ. १५०) । एडलरले हीनत्व भावका आधारमा परपीडन प्रवृत्तिको व्याख्या गरेका छन् । हीनत्व भावले पीडित व्यक्तिले आफ्नो हीनत्व भावलाई लुकाउनका लागि नै परपीडन प्रवृत्ति अपनाउँछ । व्यक्तिले परपीडन प्रवृत्तिबाट नै आफूलाई श्रेष्ठ देखाउँछ (शर्मा र लुइटेल, २०६१, पृ. १८२) । त्यस्तै गरी उनले क्षतिपूर्तिका आधारमा आत्मपीडक प्रवृत्तिको व्याख्या गरेका छन् । उनका अनुसार जुन व्यक्ति कुनै अभावबाट पीडित हुन्छ । उसले आत्मपीडक प्रवृत्तिद्वारा अभावलाई पूर्ति गर्छ । फ्रायडका अनुसार व्यक्तिमा जीवनमूल प्रवृत्ति र मृत्युमूल प्रवृत्ति पाइन्छ । मृत्युमूल प्रवृत्ति भएको व्यक्तिमा स्वपीडन तथा परपीडनको भावना जागृत हुन्छ । व्यक्तिमा स्वपीडनको भावना जागृत भएको अवस्थामा ऊ विभिन्न क्रियाकलापका माध्यमले आफूलाई पीडा दिन्छ । आक्रोशका कारण भोकै बस्नु, कसैसँग पनि नबोल्नु जस्ता व्यक्तिका कार्यहरू स्वपीडन प्रवृत्तिका अवस्थाहरू हुन् (शर्मा र लुइटेल, २०६१, पृ. १८२) । व्यक्तिमा परपीडनको भावना जाग्यो भने ऊ जोसुकैलाई अनावश्यक प्रताडना दिन थाल्छ । यस्तो व्यक्ति अरूले पीडा र कष्ट भोगेको देख्दा आनन्दित हुन्छ । व्यक्तिमा कहिलेकाहीँ स्व तथा परपीडनको प्रवृत्ति एकैसाथ पनि देखिन सक्छ (रेग्मी, २०५०, पृ.९) । यस्तो अवस्थामा व्यक्तिले यस्ता कार्यहरू गर्छ, जसले गर्दा स्वयंलाई र उसका आफन्तहरूलाई समेत पीडा हुन्छ ।

## मातृरतिग्रन्थि र अतृप्त मनोविकार

फ्रायडले मान्छेको जीवनको गतिशीलता र ग्रन्थिको चर्चा गरेका छन् । छोराको आमाप्रतिको आकर्षणलाई मातृरति ग्रन्थि (इडिपस कम्प्लेक्स) र छोरीको बाबुप्रतिको आकर्षणलाई पितृरति ग्रन्थि (इलेक्ट्रा कम्प्लेक्स) भनेका छन् (भारद्वाज, सन् १९९४, पृ. २७४) । फ्रायडका अनुसार व्यक्तित्वको विकासमा सङ्घर्षको महत्त्वपूर्ण भूमिका हुन्छ । सङ्घर्षबिना वास्तविकता र आदर्शको ज्ञान हुँदैन र अहम् तथा पराअहम्को विकास पनि हुन सक्दैन । मानिसका मनमा दुई वा दुईभन्दा बढी विरोधी तत्त्वहरूका बिचमा हुने तानातानी नै सङ्घर्ष हो । फ्रायडले कुनै पनि घटना आकस्मिक वा

अकारण नभई अचेतन मनमा दमित रहेका इच्छा चेतनस्तरमा अभिव्यक्ति प्राप्त गर्ने प्रयास गर्छन् । त्यसैले मानिसले सहजै गर्ने त्रुटि जीवनको मनोविकृति हो (भण्डारी, २०५८, पृ. ९४) । मनोरचनाले व्यक्तिलाई मानसिक सङ्घर्षबाट मुक्त गराउँछ । यस किसिमको सङ्घर्षबाट बच्ने उपाय नै मनोरचना हो ।

**वात्सल्य मनोविज्ञान**

बाबुआमाको सन्तानप्रतिको राग नै वात्सल्य हो । वात्सल्य भावले आफ्ना सन्तानप्रतिको अनुराग वा प्रेम भाव दर्साएको हुन्छ (आप्टे,  सन् १९६९, पृ. ९१६) स्नेह हो  । कुनै पनि जन्मदाताले आफ्ना सन्तानप्रति जुन माया, स्नेह दर्साएका हुन्छन् त्यसलाई वात्सल्यका रूपमा लिन सकिन्छ । कुनै स्त्रीले कुनै बालबालिकालाई आफ्नै सन्तानसरह ठानी स्नेह देखाउनु पनि वात्सल्य भावका रूपमा लिन सकिन्छ । हरेक नारीको मनमा वात्सल्य भाव रहेको हुन्छ । नारीको मनमा रहेको यही वात्सल्य भावको अध्ययन गर्ने मनोविज्ञान नै वात्सल्य मनोविज्ञान हो ।

**अभिघातको मनोविज्ञान**

मानसिक दशाको चिरफार गर्नुका साथै कुनै घटना र बोलीका प्रहारले मानिसमा पर्न जाने मानसिक चोटलाई अभिघात भनिन्छ । कुनै घटना प्रसङ्गले व्यक्तिका मानसिकतामा ठुलो चोट पर्न जाँदा अभिघात मनोविज्ञानको अवस्था सिर्जना हुन्छ । अभिघातलाई मानसिक घाउ पार्ने अतीव पीडादायी अनुभूतिको रूपमा लिइने हुँदा अभिघात मानव मनोविकारसँग सम्बिन्धित रहेको बुझिन्छ । ठुलासाना अन्तर्घात र मर्मान्तिक चोटले मनमा उत्पन्न गराउने आघात, चिन्ता र विकृतिसँग अभिघात सम्बन्धित छ (भट्टराई, २०६४, पृ. २२८) । शारीरिक तथा मानसिक विकृति र चिन्तासँग सम्बन्धित रहेको अभिघात आफूले आफैँलाई नियन्त्रण गर्न नसकिने एक मानसिक अवस्था हो । यसरी अभिघातले भौतिक तथा आत्मिक कुनै पनि माध्यमबाट मान्छेमा पर्न सक्ने शारीरिक तथा मानसिक चोटको प्रकटीकरणको स्थितिलाई बुझाउँछ । अभिघातलाई एक प्रकारको पक्षघातको, विचलनको, असन्तुलनको तथा विस्मृतिको स्थितिमा पुऱ्याउने अवस्था पनि मानिन्छ ।

## छलफल तथा परिणाम

*कोही किन बरबाद होस्* नाटकमा मनोविज्ञानलाई मुख्य विषयका रूपमा उपयोग गरिएको छ । मनोविज्ञानको आधारका रूपमा पात्र रहने भएकाले नाटकमा आएका पात्रका आधारमा मनोविश्लेषणका विभिन्न अवस्था केलाउने कार्य यस लेखमा गरिएको छ । यस नाटकमा थोरै पात्र प्रयोग गरिएको छ र ती पात्रमा कुनै न कुनै मनोविज्ञानको असर परेको छ । यस नाटकमा ध्रुव, कमलादेवी, सुन्दरलाल, जीवनाथ, शम्भु, पाले, शशि, नरेश, श्यामा, राधा, भूपाल, रीता आदि मञ्चीय पात्र रहेका छन् । यीमध्ये ध्रुव र कमलादेवी यस नाटकका प्रमुख पात्र हुन् भने सुन्दरलाल र जीवनाथ सहायक पात्र हुन् । त्यसैगरी अन्य पात्रहरू केवल गौण पात्र हुन् । यस नाटकका प्रमुख पात्रहरूको क्रियाकलापका आधारमा मनोविज्ञानको विश्लेषण गरिएको छ ।

## *कोही किन बरबाद होस्* नाटकमा मनोविज्ञान

*कोही किन बरबाद होस्* नाटक समस्यामूलक विषयमा आधारित रहेको छ । यस नाटकमा उपयोग गरिएको मूल पात्र ध्रुवलाई नै समस्याको जडका रूपमा उभ्याइएको छ । यस नाटकमा ध्रुवका कारण जन्मिएको परिस्थिति वा अवस्था नै मूल समस्याका रूपमा आएको छ । विद्यालयमा पढ्दै गरेको ध्रुवले देखाएका अस्वाभाविक क्रियाकलाप विद्यालय परिवारलाई समस्यामा पारिदिने मूल

कारण बनेका छन् । विद्यालयका साथीलाई पिट्ने, रुखमा चढ्ने, पर्खाल भत्काउने, कुखुराका चल्ला मारिदिने जस्ता ध्रुवका विद्यालयका गतिविधि नै समस्याका रूपमा आएका छन् । तिनै क्रियाकलाप नै मूलतः मानसिक समस्या सिर्जना गर्ने कारण पनि बनेका छन् । यस नाटकमा ध्रुव मातृत्वविहीन बन्नुका कारण आफैं मनोविकृत अवस्थामा पुगेको छ भने अर्कातिर ध्रुवको गतिविधि विद्यालयका शिक्षकका लागि समस्या सिर्जना गर्ने कारण पनि बनेको छ । यति मात्र होइन विद्यालयमा पढ्न आउने सबै विद्यार्थीलाई त्रसित बनाएको ध्रुव साथीसमुदायमा पनि त्रास सिर्जनाको कारण बनेको छ र विद्यालय वरिपरिका मानिसले पालेका कुखुराका चल्ला मारिदिने तथा पर्खाल भत्काउने जस्ता क्रियाकलापका माध्यमबाट समाजका मानिसलाई समेत आतङ्कको अवस्थामा पुऱ्याउने कारण बनेको छ । ध्रुवलाई सकारात्मक मार्गमा लैजानका लागि केकस्ता काम गर्ने होला भन्ने मानसिक प्रभाव शिक्षक सुन्दरलाललाई परेको छ । यो पनि मानसिक प्रभावकै असर हो भने यस्तै मातृत्वबाट वञ्चित रहेको ध्रुवलाई सुधार गर्नका लागि विद्यालयकी अविवाहित शिक्षिका कमलालाई सुन्दरलालले दिएको जिम्मेवारी पनि कमलाको मानसिकतामा प्रभाव पार्ने अर्को कारणका रूपमा आएको छ । आफूलाई छाडेर अर्को कुनै व्यक्तिसँग पोइला गएकी ध्रुवकी आमाले उसलाई विद्यालयमा आएर भेट्न थालेको भन्ने जानकारीका कारण त्रसित जीवनाथको मानसिकता पनि नाटकमा प्रतिविम्बित भएको पाइन्छ । यस नाटकमा आएका सबै चरित्रमा मानसिक प्रभाव पार्ने अथवा सबै व्यक्तिलाई कुनै न कुनै किसिमबाट मानसिक आघात दिने व्यक्तिका रूपमा ध्रुव आएको छ । ध्रुवका गतिविधि तथा क्रियाकलापमा सुधार आउनेबित्तिकै सबैको मानसिक तनाबसमेत घट्दै जाने भएकाले यस नाटकमा आएको मनोवैज्ञानिक समस्याको जड वा केन्द्रमा ध्रुव नै रहेको पाइन्छ । मनोविज्ञानको सिद्धान्तका आधारमा हीनताबोध र परपीडन, मातृरति ग्रन्थि र अतृप्त मनोविकार, वात्सल्य मनोविज्ञान, अभिघात मनोविज्ञान तथा समाज मनोविज्ञान जस्ता उपशीर्षकमा विभाजन गरी *कोही किन बरबाद होस्* नाटकको अध्ययन गर्न सकिन्छ :

**हीनताबोध र परपीडन**

*कोही किन बरबाद होस्* नाटकको विषयमा हीनताबोध र परपीडनको अवस्था देखिन्छ । ध्रुव एउटा सामान्य विद्यालयमा पढ्ने बालक हो । नाटकमा आएको विषयका आधारमा ध्रुव सानै उमेरमा आफ्नी आमासँग छुट्टिएर बस्नुपर्ने अवस्था आएको छ । सानै उमेरको ध्रुवलाई छाडेर उसकी आमा पोइला गएकी हुनाले आमाको माया र ममताबाट वञ्चित भएको छ । विद्यालयमा अरू सबै साथीका आमा आउने तर आफ्नी आमा नआउनका कारण ध्रुवको मानसिकतामा नकारात्मक प्रभाव परेको छ र त्यही ममताको अभावले उसको मनमा हीनताबोधको विकास पनि भएको छ । ध्रुवको मनमा देखिएको हीनताबोध र असन्तुष्टिको परिणामस्वरूप उसले विभिन्न असामान्य गतिविधि गरेको छ ।

> ध्रुवले रुख चढेर हामीलाई, मास्टरसाहेब ! ढुङ्गाले हानिरहेछ । ... कमिजमा पोको पारेर, ढुङ्गा बटुलेर ऊ रुखमाथि चढेको रहेछ मास्टरसहोब ! अनि हामीले तल ओर्ली भन्दाखेरि भकाभक ढुङ्गाले पो हान्न थाल्यो । अनि मास्टरसाहेब हामी भागेर आएको । ... हामीले लगाएको फूलको बिरुवा पनि उसले उखेलेर फालिदिइसक्यो । हामीले पानी ल्याउन बनाएको सानो कुलो पनि बिगारिदिइसक्यो । ... त्यसै आँखा तरेर पिटुँला जस्तो गरी तर्साउन आउँछ (*कोही किन बरबाद होस्,* २०६०, पृ.१) ।

माथिको नाट्यांशका आधारमा हेर्दा ध्रुवमा परपीडक प्रवृत्ति रहेको पाइन्छ । आफ्ना साथीलाई ढुङ्गाले हान्ने, फूलका बिरुवा उखेलिदिने, पानी लगाउनका लागि बनाएको कुलोसमेत भत्काइदिने जस्ता असामान्य प्रकृतिका क्रियाकलाय ध्रुवले देखाएको छ । ध्रुवले देखाएका यस्ता क्रियाकलापको असर विद्यालयका अरू विद्यार्थीलाई परेको छ । ध्रुवका यी सबै गतिविधि अर्कालाई दुःख दिने खालका छन् र यी गतिविधि पीरपीडनका उदाहरण पनि हुन् । यस नाटकको बालक ध्रुव मात्र आठ वर्षको छ । आठ वर्षको उमेरमा ऊ आफ्नी आमासँग रमाउन चाहन्छ तर उसकी आमा साथमा नहुँदा मानसिकता विकृत हुन पुगी रुखमा चढेर अन्य केटाकेटीहरूलाई ढुङ्गाले हान्ने, निर्माण भएको पर्खाल भत्काउने, गाउँमा पालेका कुखुराका चल्लाहरू मार्ने जस्ता खराब कार्य गरेको छ । ध्रवले देखाएको व्यवहारका आधारमा उसमा विद्यार्थीमा हुनुपर्ने गुणहरू केही पनि पाइँदैनन् । उसको यस्तो उपद्रो गर्ने बानीले विद्यालयका प्रधानाध्यापक, शिक्षक, शिक्षिका र उसका साथीहरूसमेत आजित भइसकेका छन् । शिक्षकले ध्रुवलाई स्कुलबाट निकाल्नुपर्ने धारणासमेत राखेका छन् । ध्रुवमा परपीडन प्रवृत्तिको विकास आमा नहुनुका कारणले भएको हुँदा बालकका लागि मातृत्व अनिवार्य हुन्छ र आमाको वात्सल्य पाउन सकेनन् भने त्यस्ता बालबालिकाको मानसिकता पनि विकृत बन्न सक्छ भन्ने कुरा ध्रुवका क्रियाकलापका माध्यमबाट स्पष्ट पारिएको छ ।

## मातृरतिग्रन्थि र अतृप्त मनोविकार

बालबालिकाका लागि आमाको माया र साथ अनिवार्य हुन्छ । बाल्यावस्थामा उनीहरू मातृत्वबाट वञ्चित भए भने अस्वाभाविक खालका क्रियाकलाप देखाउने गर्छन् भन्ने कुरालाई *कोही किन बरबाद होस्* नाटकका माध्यमबाट स्पष्ट पारिएको छ । ध्रुवमा मातृवात्सल्यको अभावमा मातृरतिग्रन्थिको विकास हुन पुगेको छ । ऊ विकृत मानसिकतामा पुगेको छ भन्ने कुरा सुन्दरलालले राम्ररी बुझेका छन् । आफ्नी आमासँग खेल्ले र रमाउने वेलामा आमासँग टाढा हुनुपर्ने मात्र होइन कि भेट नै गर्न नपाउने अवस्थाका कारण ध्रुवको मानसिकता विकृत बनेको छ । आफ्ना बालबालिकामा कुनै असन्तुष्टि भयो भने विद्रोहको प्रकटीकरण बदमासीका माध्यमबाट गर्छन् तर त्यसलाई बुझ्न नसक्दा बालबालिकाको जीवन बरबाद हुन सक्ने कुरा सुन्दरलालले व्यक्त गरेका छन् : "केटाकेटीले नजानीकन बोलेको बेचैनी र असन्तुष्टिको भाषा नै त्यही बदमासी हो । त्यो बुझ्दैनौं, हामी बुझ्ने चेष्टासम्म गर्दैनौं । एउटा होनहार जिन्दगी त्यसै बरबाद हुन्छ" ( *कोही किन बरबाद होस्,* पृ. ७) । ध्रुवको मानसिकतामा कुनै न कुनै नकारात्मक प्रभाव परेका कारण उसले खराब आचरण देखाएको छ । बाबुको प्यार र आमाको स्नेह नपाएका बालबालिकाको व्यवहार असामान्य हुने कुरालाई नाटकमा यसरी प्रस्तुत गरिएको छ :

> आमाको स्नेह, बाबुको प्यार नपाईकन केटाकेटी संसारमा हुर्कन त हुर्कन्छन्, तर यस्तो असन्तुष्टि र अतृप्तिले मानसिक विकार उत्पन्न गर्दो रहेछ, जसले गर्दाखेरि बाहिरबाट मानिस जस्तो देखिए तापनि भित्रबाट उनीहरू रित्तो, खोक्रो, क्रूरसम्म हुन बेर मान्दैनन् ( *कोही किन बरबाद होस्,* पृ. ९) ।

अभिभावकत्व नपाएर हुर्केका केटाकेटीमा मानसिक विकार देखिने र उनीहरू असामान्य क्रियाकलाप गर्न प्रेरित हुने कुरा नाटकमा व्यक्त गरिएको छ ।

प्रस्तुत *कोही किन बरबाद होस्* नाटकमा ध्रुवको अतृप्त मनोविकार र असन्तुष्टि प्रस्तुत गरिएको छ । सुन्दरलालले कमलादेवीसँग भनेअनुसार ध्रुवको अतृप्त मनोविकारको जड मातृस्नेहको अभाव हो । यो कुरा ध्रुवले सुन्दरलालसँग "सबका आमा यहाँ आउनुहुन्छ, सबलाई भेटेर आमाहरू

जान्छन् । मेरी आमा किन आउनुहुन्न ?" (*कोही किन बरबाद होस्,* २०६०, पृ. ९) भनेबाट स्पष्ट हुन्छ । आमा आएपछि आफूले बदमासी नगर्ने र असल मान्छे बन्ने कुरा सुन्दरलालसँगको संवादमा ध्रुवले व्यक्त गरेको साक्ष्यले पनि ऊ मातृस्नेह नपाएको बालक भएको देखिन्छ । सुन्दरलालको आग्रहमा जब ध्रुवले कमलादेवी आमा भएको र उनीबाट मातृवात्सल्य पाएपछि सात वर्षको अन्तरालमा ध्रुव लगनशील, अनुशासित विद्यार्थीका रूपमा देखिएको छ । सुन्दरलालले ध्रुवलाई कमलादेवी आमा भएको बताएपछि ध्रुवको मानसिकतामा आएको परिवर्तनले पनि ऊ मातृत्वको कति भोको थियो भन्ने कुरालाई नाटककारले यसरी स्पष्ट पारेका छन् :

> कमलादेवी पर्दाबाट देखिएकी हुन्छिन् । उनलाई देख्नेबित्तिकै सुन्दरलाल हडबडाएर हाँसे जस्तो गरी झटपट ढोकाबाट बाहिर निस्कन्छ । कमला जहाँको तही जड भएर उभिएको उभियै हुन्छिन् । ध्रुव उनलाई देख्नेबित्तिकै पहिले त मेचको कापमा गएर लुक्छ । आँखा छोपेर फरक्क फर्केको हुन्छ र औंलाको कापबाट मात्र कमलालाई हेरिरहन्छ र त्यसपछि एक्कासि कमलालाई समाउन आइपुग्छ । (*कोही किन बरबाद होस्,* २०६०, पृ. १६)

ध्रुव आमाको भूमिकामा रहेकी कमलादेवीको माया पाएर निकै खुसी देखिन्छ, ऊ लाडप्यारले हुर्किएको बालक बनेको छ, उसका सबै काम कमलादेवीले गरिदिनुपरेको छ । ऊ कमलादेवीबाट एकछिन पनि टाढा जाँदैन । नाटककारले ध्रुवको व्यवहारलाई कमलादेवीको संवादका माध्यमबाट यसरी प्रस्तुत गरेका छन् :

> मलाई अहिले ऊ साँच्चिकै आमा सम्झिरहेछ । एक सेकेन्ड मेरो आँखाको सामुन्नेबाट पर रहँदैन । तपाईंले देख्नुभएकै छ । भात खाँदाखेरि पनि सँगै खाऊँ भन्छ, सुत्दाखेरि पनि सँगै सुतूँ । अस्ति मसँगै बस्दाबस्दै त्यसै निदाइदियो । उठाएर लैजान खोज्छु, म आफैं उठाउन सक्दिनँ । त्यसै आफैंसँग सुताएँ, रातभर मैसँग सुत्यो । यस्तो बच्चालाई म कसरी माया नगरुँ ? (*कोही किन बरबाद होस्,* २०६०, पृ.२०)

बाबु जीवनाथ विद्यालयमा भेट्न आउँदा ध्रुव बाबुलाई आमासँग भेट गराउन चाहेको छ । आमाले आफूलाई असाध्यै माया गर्ने, आमाले कथा सुनाउने, आमाले स्विटर दिएको जस्ता कुरा बाबुलाई भनेर उसले आमाप्रतिको सद्भाव प्रकट गरेको छ । यसबाट आमाको माया पाउँदा बालक कतिसम्म खुसी हुन्छन् भन्ने कुरा स्पष्ट भएको छ । आमाको माया र स्नेह नपाएका बालकको मानसिक अवस्था बिग्रन्छ भन्ने कुरा सुन्दरलालले जीवनाथलाई ध्रुवका बारेमा बताउँदा भनेको संवादबाट प्रस्तुत गरिएको छ :

> हेर्नोस्, हामी जतिसुकै भनौं हामी लोग्नेमानिसहरू, याने बाबुहरू छोराछोरी हुर्काउनलाई त्यतिको सफल हुँदैनौं जत्तिका आमाहरू । प्रकृतिले त्यसमा हामीलाई ठगेको छ । छोराछोरीहरूलाई आमाको प्यार चाहिन्छ । बुझ्नुभो, आमाको स्नेह, ममता, निःस्वार्थ सेवा भएन भने छोराछोरीको मानसिक अवस्था गडबडिन जाँदो रहेछ । ध्रुवको त्यही हालत थियो । आमा थिइन उसकी, आमाको ममताको भोको थियो ऊ । (*कोही किन बरबाद होस्,* २०६०, पृ. २९)

प्रस्तुत नाटकमा सुन्दरलालको आग्रहअनुसार कमलादेवीले ध्रुवकी आमा बनेर मातृस्नेह प्रदान गरेपछि ध्रुवको आचरणमा सुधार आएको छ । ऊ विद्यालयका अरू केटाकेटी जस्तै सामान्य बालक

बनेको छ । ध्रुवले प्रवेशिका उत्तीर्ण गरेपछि घर जान लाग्दा ऊ आमा कमलादेवीलाई सँगै लिएर जान चाहन्छ । यसैले कमलादेवीका लुगा कपडा पनि सुटकेसमा कोचिरहेको छ । जब ध्रुव पनि कमलादेवीलाई लुगा मिलाउन र तयारी हुन आग्रह गर्छ तब कमलादेवी आफू ध्रुवको वास्तविक आमा नभएको र आफूले केवल आमाको भूमिका मात्र निभाएको कुरा बताएपछि उसको मानसिकतामा आघात पुगेको छ । ध्रुव अगाडिको गुन्टालाई लात्तीले हान्दै मेचहरू लडाउँदै वेगका साथ बाहिर निस्कन्छ ।

ध्रुवको चरित्रमा देखिएको समस्या मातृस्नेहको अभावका कारण हो भन्ने कुरा प्रस्तुत नाटकमा देखाइएको छ । मातृवात्सल्यको अभावमा बालकहरू मनोविकारले ग्रस्त हुन्छन् । त्यस स्थितिमा उनीहरू अनेक प्रकारबाट असन्तुष्टि प्रकट गर्न सक्छन् । त्यसैले बालकका बाह्य क्रियाकलापहरू हेरेर उसलाई दण्डित गर्नुको सट्टा उसको मानसिक असन्तुष्टिको कारण पत्ता लगाई त्यसको निराकरण गर्न सकियो भने उनीहरू स्वस्थ बनी अगाडि बढ्न सक्छन् भन्ने कुरा ध्रुवको मनोविज्ञानबाट उद्घाटन गरिएको छ । ध्रुवले देखाएका प्रारम्भिक अवस्थाका क्रियाकलाप मातृवात्सल्य वञ्चित रहेका छन् भने कमलाले आमाको भूमिका निर्वाह गरेपछि एकाएक उसको चरित्रमा परिवर्तन आएको छ । कमला ध्रुवको पढाइ, आचरण, व्यवहार, क्रियाकलाप आदि सबै पक्षमा सुधार ल्याउने कारणका बनेकी छन् । उनैको मातृत्वको छत्रछायामा ध्रुवको चरित्रमा सुधार आएको छ तथा अत्यन्तै उद्दण्ड बनेको बालकलाई सही मार्गमा ल्याउने मुख्य कारकका रूपमा कमलाको भूमिका देखाएर आमाको व्यवहारबाट बालकमा कति ठुलो परिवर्तन आउन सक्छ भन्ने कुरा स्पष्ट पारिएको छ । यस्तै मातृवात्सल्य पाउन नसकेको बालकमा मातृरतिको कति ठुलो प्रभाव रहेको हुन्छ भन्ने कुरा पनि नाटकमा देखाइएको छ । अतृप्त मातृत्वका कारण बालकमा पर्ने नकारात्मक प्रभावलाई पनि यस नाटकमा देखाइएको  छ । आठ वर्षीय बालक ध्रुवका नकारात्मक क्रियाकलाप अतृप्त मातृत्वकै परिणतिका रूपमा प्रकट भएका छन् र कमलाले नाटकीय मातृत्व प्रदान गरेपछि ध्रुवको चरित्रमा पनि सुधार आएको देखाइएकाले अतृप्त मातृत्वका कारण जन्मने मनोविकारको प्रभावलाई कुशल मातृत्वबाट समाधान गर्न सकिने विषय यस नाटकमा अभिव्यक्त भएको छ ।

### वात्सल्य मनोविज्ञान

प्रस्तुत नाटकमा कमलादेवीका माध्यमबाट वात्सल्य मनोविज्ञानलाई देखाइएको छ । विद्यालय र विद्यार्थीप्रति समान उत्तरदायित्व बोध गर्ने कमलादेवी एक असल अभिभावकका रूपमा नाटकमा उपस्थित भएकी छन् । सामाजिक अवरोधलाई नाघ्दै तथा वैवाहिक जीवनको अमूल्य क्षण वा सपनालाई समेत तिरस्कार गर्दै अविवाहित रूपमै ध्रुवकी आमा बन्न यिनले स्वीकार गरेकी छन् । यसरी हेर्दा एक आदर्श चरित्रका रूपमा कमलादेवी उपस्थित भएकी छन् । विद्यालयमा पढ्ने प्रत्येक विद्यार्थीलाई पुत्र जस्तै माया गर्ने कमलादेवी स्नेहमयी माता हुन् । उनी संवेदनशील र सुधारवादी नारी पात्र हुन् भन्न सकिन्छ ।

नाटकको प्रारम्भमा कमलादेवी ध्रुवको असाधारण बदमासी देखेर "यस्तालाई यहाँ राख्दाखेरि त स्कुलै भाँडिन्छ है मलाई निको लागेन" (*कोही किन बरबाद होस्,* २०६०, पृ. ४) भनी ध्रुवलाई विद्यालयबाट निकाल्न प्रयत्नशील देखिन्छिन् । सुन्दरलालले ध्रुवको असाधारण बदमासीको कारण आमाको स्नेहको अभाव हो भन्ने बुझेर कमलादेवीलाई ध्रुवकी आमा बनिदिन आग्रह गर्दा उनी अलमलमा परेकी छन् । सुन्दरलालले एउटा बालकको आचरण सुधार गर्न आमाको भूमिका निर्वाह गर्नु कर्तव्य हो र एउटा अभिनय मात्र भएको भनी सम्झाएपछि कमलादेवीको मन सकारात्मक

भएको छ । यसबाट नारीको अन्तर्मनमा मातृत्वको भाव रहन्छ र उनीहरू जुनसुकै अवस्थामा पनि आमाको भूमिका निर्वाह गर्न सक्छन् भन्ने कुरा स्पष्ट भएको छ ।

कमलादेवी ध्रुवकी आमा बनेर उसको आचरण सुधार गर्न प्रयत्नशील देखिन्छिन् । आमाको भूमिका गरे पनि उनीमा ध्रुवप्रतिको मातृत्व प्रबल बन्दै गएको छ । कमलादेवीले ध्रुवलाई आफैँले जन्माएको सन्तान जस्तै गरी माया गर्न थालेको कुरालाई नाटकमा व्यक्त गरेकी छन् : "साँच्चि ठट्टा गऱ्या हैन, म उसलाई यस्तो बिघ्न माया गर्न थालिरहिछु ! जेमा पनि त्यस्तै भैरहेछ, उसकै मात्र ध्याउन्न आइरहन्छ । सायद म उसलाई छाड्न सक्तिनँ । किन यस्तो माया लाग्छ ? म आफैँ कहिलेकाहीँ छक्क पर्छु (पृ. २१) ।" नारीको मनमा मातृत्वको भाव रहेको हुन्छ, उनीहरूले आफूले माया गरेको बालकलाई आफ्नै सन्तान जस्तै गरी ममत्व प्रदान गर्छन् भन्ने कुरा यसबाट स्पष्ट भएको छ ।

सुन्दरलालले ध्रुवको आमाको अभिनय गर्न आग्रह गरेपछि उनको नारी मनोविज्ञान सशङ्कित भएको छ । नारीको जीवन अत्यन्त संवेदनशील हुन्छ, उनीहरूलाई समाजले कतैबाट कुनै आरोप लगाउने हो कि भन्ने डरले सताइरहन्छ । त्यसैले उनीहरू कुनै निर्णय गर्नुभन्दा पहिले त्यसबाट पर्न सक्ने असरका बारेमा सोच्छन् भन्ने कुरा कमलादेवीले राखेको विचारबाट बुझिन्छ :

> हेर्नोस्, मलाई कर नगर्नुहोस् । हप्तामा एक चोटि नबिराई उसको बाबु यहाँ आइरहने गर्छ । तपाईँले देख्नुभएको छ । कोही कसैले चुकिदियो भने कस्तो नराम्रो हुन्छ मलाई । उसको बाबुले के सम्झला मलाई ? फेरि बदनाम पनि त ... हामी आइमाईलाई हेर्नोस्, के के भनेर उडाइदिन्छन् मलाई त ...। (*कोही किन बरबाद होस्,* २०६०, पृ. ११)

नाटकमा ध्रुवको बाबुले के भन्ला भन्ने कुरामा र अविवाहित नारीले कुनै बालकलाई छोरा भन्दा समाजले के भन्ला ? भनी सशङ्कित देखिएकी कमलादेवी ध्रुवको बाबुको सम्मुखमा पर्दा केही लजाएकी छन् र रातोमुख पारेकी छन् । ध्रुव विद्यालय छाडेर जाने बेलासम्म पनि उनले आमाको भूमिका निर्वाह गरेकी छन् । ध्रुव विद्यालयबाट घर जाने बेलामा उसलाई वास्तविकता बताउन सुन्दरलाल आग्रह गरेका छन् । कमलादेवीले ध्रुवप्रति खन्याएको मातृत्वका कारण उनले ध्रुवलाई आफू वास्तविक आमा नभएको कुरा बताउन समेत सकेकी छैनन् । कमलादेवीको त्यस अवस्थालाई उनकै भनाइबाट देखाउन सकिन्छ :

> उसलाई मैले केही भन्न सकेकी छैन । भन्न कोसिस गर्छु सक्दिनँ । कसरी भनूँ उसलाई "तिम्री खास आमा म होइन ! म त केही दिनको खातिर आमा भइदिएकी मात्र हुँ ।" ( *कोही किन बरबाद होस्,* २०६०, पृ. ४१)
>
> मैले हिजोअस्तिदेखि कोसिस गरेकी थिएँ भनूँ । तर कसरी भन्ने ? उसको मनमा के बिझ्ला । फेरि नभनी के गरुँ ? कस्तो अप्ठ्यारो ? आज हामी जाने भनेर ऊ खुसीले दङ्ग परेको छ । यस्तो वेलामा साँच्चि केही सोच्नै सकिनँ । (*कोही किन बरबाद होस्,* २०६०, पृ. ३६)

आदर्श शिक्षिकाको नाताले ध्रुवकी आमाको भूमिका निर्वाह गरेकी कमलादेवी आफ्नो संवेदनालाई थिचेर ध्रुवलाई वास्तविकता बताउन बाध्य हुन्छिन् । कमलादेवीले आँखाबाट आँसु झार्दै ध्रुवकी वास्तविक आमा नभएको कुरा बताएकी छन् :

> ध्रुव ! तिमी मलाई माफ गर । मैले जेसुकै कसुर गरेको भए पनि तिमी मलाई माफ गर्छौ ? म तिम्री साँच्चिकैकी आमा हैन । (आँसु पुछ्दै) त्यस बखत तिमी सानो ठिटै थियौ । तिमी बदमास थियौ, सुन्दरलाल मास्टरसाहेबले तिम्री आमा नभएकाले तिमी त्यस्तो भएको भनेर मलाई तिम्री आमा बनाइदिनुभयो । मैले तिमीलाई हुर्काएँ, तिमी ठुलो भयौ, तिम्री साँच्चिकैकी आमा अहिले कहाँ छिन्, कोसँग गइन्, त्यो पनि मलाई थाहा छैन । अब तिमी ठुलो भइसक्यौ, कलेज जान्छौ, बालाई पढिसकेपछि मद्दत गर्छौ । म तिमीलाई यहाँबाट सम्झिरहन्छु । आमा भनेर एक दुई चोटि तिमी यहाँ जरुर आउला । म त्यस बखत सँगै भेटुँला । तिमी मलाई सधैँ माया गर्लाऊ । म तिमीलाई सधैँ माया गर्छु । तिमी दुःख नमान लौ, हाँस । मेरो अनुहार हेर, लौ हाँस । (*कोही किन बरबाद होस्*, २०६०, पृ. ४१)

कमलादेवीले ध्रुवलाई वास्तविकता बताएपछि ध्रुव मात्र असन्तुलित बन्दैन, कमलाका आँखाबाट पनि आँसु चुहिन्छ । कमलादेवीले आफूलाई सम्हाल्छिन् र ध्रुवका किताब मिलाई दिन थाल्छिन् । यहाँ नारीले जस्तोसुकै पीडा पनि सजिलै सहन गर्न सक्छन् भन्ने मनोविज्ञान प्रकट भएको छ ।

*कोही किन बरबाद होस्* नाटकमा कमलादेवीले ध्रुवकी आमाको भूमिका निर्वाह गर्दा आफ्नो हुन लागेको बिहे त्याग गरेकी छन्, समाजले के भन्ला भन्ने डर त्यागेकी छन्, अविवाहित भएर पनि आमाका रूपमा रही ध्रुवलाई मातृत्व प्रदान गरेकी छन् । जीवनाथले सधैँका लागि ध्रुवकी आमा बन्ने प्रस्ताव राख्दा केही ढिलो भयो भन्दै आफूले एउटा कर्तव्यको पालना गरेको बताउँदै ध्रुवको आनीबानीका बारेमा बताउँछिन् । एउटी नारीले बालबालिकाको मनोविज्ञान बुझेर उनीहरूको व्यवहार र चाहनाबमोजिम काम गर्न सक्छन् भन्ने कुरा पनि कमलादेवीका माध्यमबाट देखाइएको छ । एउटी नारीले आफ्नो सन्तानको सुखद भविष्य चाहन्छिन्, बिहे भएको हेर्न चाहन्छिन् भन्ने कुरा पनि नाटकमा प्रस्तुत गरिएको छ ।

**अभिघातको मनोविज्ञान**

*कोही किन बरबाद होस्* नाटकको प्रमुख पात्र ध्रुवको बुबाका रूपमा आएका जीवनाथ मनमा शान्ति, चैन, सन्तुष्टि नभएको र मानसिक पीडा सहेको पात्रका रूपमा देखिएका छन् । पत्नी पोइला गएपछि छोरो ध्रुवलाई विद्यालयमा आवासीय रूपमा राखेका जीवनाथले अभिभावकत्व पूरा गरेका छन् । उनले पोइला गएकी पत्नीलाई छोरा ध्रुवसँग भेट नगराउन, नचिनाउन आग्रह गरी विद्यालयमा भर्ना गरिदिएका छन् । ध्रुवलाई विद्यालयमा भेट्न जाँदा ध्रुवबाट उसकी आमा विद्यालयमा रहेकी र ध्रुवलाई माया गरेकी भन्ने थाहा पाएपछि जीवनाथ निकै क्रूद्ध भएका छन् । आफूले विद्यालयमा छोरासँग उसकी आमालाई भेट नगराउन भन्दाभन्दै आफ्नो कुरालाई बेवास्ता गरेकामा आक्रोशित देखिएका जीवनाथमा संयमताको बाँध भत्किन्छ र उनी विद्यालयका शिक्षकसँग रिसाउँछन् र छोरालाई एकछिन पनि विद्यालयमा नराख्ने घोषणा गर्छन् । उनको आक्रोशलाई नाटकमा यसरी प्रस्तुत गरिएको छ :

> किन भेटाउनुभयो ? किन यहाँ राखेर उसलाई चिनाइदिनुभयो ? यो तपाइँको विश्वासघात हैन ? तपाइँलाई थाहा छ, मेरी स्वास्नी मलाई छोडेर पोइल गएकी छ, बेस्से जस्ती भएर डुलेकी छ, म त्यस्ताको संसर्गमा छोरालाई राख्न चाहन्नँ । त्यस्ताको म अनुहारसम्म देखाएर छोरालाई बिगार्न चाहन्नँ । के यो ममाथि तपाइँले अत्याचार गर्नुभएको होइन ? के ममासथ अन्याय गर्नुभएको होइन ? मैले यहाँ उसलाई पढाउन राखेको, त्यस्तासँग सुताउन, खुवाउन राखेको हैन, बुझ्नुभो ? तपाइँले ममाथि ठुलो

> अन्याय गर्नुभो, यो सरासरी बेइमानी हो, बुझ्नुभो : म अब क्यै कुरा सुन्दिनँ, आजै लैजान्छु ध्रुवलाई । त्यो पढ्दै नपढेर नालायक, बेकम्मा हुन्छ भने पनि होओस् । म यस्तो ठाउँमा राखेर उसलाई पढाउँदिनँ, बुझ्नुभो ? (*कोही किन बरबाद होस्,* २०६०, पृ. २७)

*कोही किन बरबाद होस्* नाटकमा पत्नीका कारण बदनामी भोगेको, दुःख पाएको जीवनाथ विक्षिप्त अवस्थामा पुगेको छ । ध्रुवकी आमा आएकी छ भन्ने थाहा पाएर आक्रोशित बनेको जीवनाथ जब विद्यालयकी शिक्षिका कमलादेवी ध्रुवकी आमा बनेर ध्रुवलाई मातृत्व प्रदान गरी बदमास बालकबाट असल बालक बनाएको वास्तविकता थाहा पाउँछ तब शान्त हुन्छ र आवेशमा आएर गल्ती गरेको महसुस गर्छ ।

प्रस्तुत नाटकमा आएको जीवनाथ पत्नीप्रेमबाट वञ्चित पात्रका रूपमा देखिन्छ । आफूले पत्नीलाई प्यार गर्दागर्दै पनि पत्नीबाट धोखा पाएकाले उसको जिन्दगी दुःखद बन्न पुगेको छ । आफूले पत्नीलाई जिन्दगीभरि बिर्सन नसक्ने भए पनि उनले आफ्नो इज्जत फालिदिएकामा सारै पीडा सहनुपरेको कुरा प्रकट गरेको छ । पुरुषको जीवनको सफलतामा नारीको भूमिका हुने, यदि नारीले धोखा दिएका पुरुषको जीवन पीडादायी हुने अवस्थालाई पनि नाटकमा देखाइएको छ ।

*कोही किन बरबाद होस्* नाटकमा ध्रुव र कमलामा पनि अभिघातको अवस्था देखिएको छ । ध्रुवको जीवन सुधारका लागि आमाको भूमिकामा रहेकी कमला ध्रुवसँग हुने वियोगका कारण अभिघातको अवस्थामा पुगेकी छन् भने कमला आफ्नी आमा नभएको जानकारी पाएपछि ध्रुव पनि अभिघातको अवस्थामा पुगेको छ । “ध्रुव ! तिमी मलाई माफ गर । मैले जेसुकै कसुर गरेको भए पनि मलाई माफ गर्छौ ? म तिम्री साच्चैकी आमा हैनँ ।” (*कोही किन बरबाद होस्,* २०६०, पृ. ४१) नाटकमा आएको यस भनाइका आधारमा हेर्दा म तिम्री साँच्चैकी आमा होइन, म त केवल आमाको भूमिकामा मात्र थिएँ भन्ने कमलाको भनाइ निकै पीडायुक्त रहेको छ । आँखाबाट बगेका आँसुका धार पुछ्दै उनी ध्रुवलाई सम्झाउने प्रयत्नमा लागेकी छन् । उता कमलालाई आफ्नै आमा मानेको ध्रुव पनि एक्कासि म तिम्री आमा होइन भन्ने कमलाको भनाइबाट अभिघातको अवस्थामा पुगेको छ । यस नाटकमा आएका पात्रले कुनै न कुनै किसिमबाट मानसिक दबाब झेलिरहेका छन् र उनीहरूको मानसिकतामा मनोवैज्ञानिक असर परेको देखाइएकाले अभिघातको स्पष्ट प्रयोग भएको छ ।

**समाज मनोविज्ञान**

*कोही किन बरबाद होस्* नाटकमा सुन्दरलालका माध्यमबाट सामाजिक मनोविज्ञानलाई देखाउने काम गरिएको छ । बालमस्तिष्कलाई सहजरूपमा अध्ययन गरेर सही तरिकाले उपचार गरी बालबालिकालाई असल मार्गनिर्देश गर्ने शिक्षित व्यक्तिका रूपमा सुन्दरलाल देखिएका छन् । ध्रुवको बदमासीको वास्तविक कारण पत्ता लगाउनु र कमलादेवीलाई ध्रुवकी आमाको भूमिका अभिनय गर्न प्रेरित गरी ध्रुवलाई असल विद्यार्थी बनाउने काममा उनको भूमिका देखिएको छ । ‘‘कुनै अतृप्ति, असन्तुष्टि या भनौँ यस्तै मनः स्थिति नभईकन, कुनै पनि ठिटाहरू यसरी लगातार तिनै कुराहरू गरिरहँदैनन्, जसबाट ठुलाबडा रिसाउँछ’’ ( *कोही किन बरबाद होस्,* २०६०, पृ. ७) भन्ने सुन्दरलालको भनाइले बालबालिकाको मनोविज्ञान उद्घाटन गरेको छ । सुन्दरलालले ध्रुवसँग अन्तरङ्ग वार्तालापबाट विद्यालयमा सबैका आमा भेट्न आउने तर ध्रुवकी आमा भेट्न नआउँदा उसमा मानसिक अतृप्ति या असन्तुष्टि उत्पन्न भएको र यही अतृप्ति नै उसको बदमासीको मूल कारण भएको पत्ता लगाएका छन् । यसपछि उनले कमलादेवीलाई ध्रुवकी आमाको भूमिका गरी

माया दिएर सही बाटोमा ल्याउन आग्रह गरेका छन् । कमलादेवीले अनेक अप्ठ्यारा देखाउँदै आमा बन्न अनिच्छा व्यक्त गर्दा सुन्दरलालले “साँच्चै आमा पनि त हैन तपाइँ । एक किसिमले नाटकै जस्तो न हो । केही वर्षका लागि तपाइँले आमाको अभिनय गर्नुभयो रे, त्यस बच्चाको कल्याणका लागि, अभिनय स्वयम् मिथ्या होइन र ?” (*कोही किन बरबाद होस्,* २०६०, पृ. १२) भन्दै आमाको भूमिका स्वीकार गर्न अनुरोध गरेका छन् । उनी एउटा जिम्मेवार शिक्षकको भूमिकामा रहेका छन् र समाजमा देखिएका समस्याको समाधानका लागि प्रयत्नशील पनि छन् । समाजका बालबालिकामा देखिएका समस्यालाई सामाजिक विषयका रूपमा लिएर तिनको समाधानका लागि मनोवैज्ञानिक बाटो खोज्ने सुन्दरलालको क्रियाकलाप समाज मनोविज्ञानको उत्कृष्ट उदाहरण रहेको छ ।

*कोही किन बरबाद होस्* नाटकमा देखिएको सामाजिक समस्या समाधानका लागि जति सुन्दरलालको भूमिका रहेको छ त्यति नै कमलाको भूमिका पनि पाइन्छ । कमला नेपाली समाजकी नारी हुन् र नेपाली समाजमा अविवाहित नारीका सन्तान हुनु वा कसैका छोराछोरीलाई आफ्ना सन्तानका रूपमा लिनु त्यति राम्रो मानिँदैन तथापि एउटा सामाजिक समस्याको समाधानका लागि उनी आमाको भूमिकामा रहनका लागि तयार भएकी छन् । ध्रुवको भविष्य बनाउने बाटामा लागेकी कमलाले आफ्नो विवाहको प्रसङ्गलाई नै छाडिदिएकी छन् र आफ्नो व्यक्तिगत भविष्यभन्दा ध्रुवको जीवन बनाउनका लागि उनले आफ्नो सम्पूर्ण जीवन समर्पण गरेकी छन् । अविवाहित नारीले कुनै अर्काको छोरालाई मेरो छोरो हो भनेर स्वीकार गर्नु सामाजिक प्रतिष्ठाका दृष्टिले अत्यन्तै जोखिमपूर्ण काम हो तर पनि सामाजिक क्षेत्रमा लागेका मानिसले व्यक्तिगत स्वर्थबाट माथि उठेर सामूहिक स्वार्थका लागि जीवन बिताउन सक्नुपर्छ भन्ने कुरा यस नाटकमा देखाइएको छ । ध्रुवकी आमा बनिदिनका लागि सुन्दरलालले गरेको प्रस्तावलाई स्वीकार गर्दागर्दा पनि समाज मनोविज्ञानसँग जोडिएर कमलाले दिएको अभिव्यक्ति निकै प्रभावकारी रहेको छ : “तपाइँले देख्नु नै भएको छ । कोही कसैले चुकिदियो भने कस्तो नराम्रो हुन्छ मलाई ! ...फेरि बदनाम पनि त...हामी आइमाईलाई हेर्नोस्, के के भनेर उडाइदिन्छन् मलाई त ।” (*कोही किन बरबाद होस्,* २०६०, पृ. ११) नाटकमा कमलाको यस भनाइलाई आधार बनाउँदा उनी पनि सामाजिक त्रासबाट उत्पीडित छन् । उनलाई समाजका मानिसले लगाउने आरोपको निकै डर छ र यो डर नै समाज मनोविज्ञानको प्रभाव हो ।

## निष्कर्ष

*कोही किन बरबाद होस्* नाटक मनोवैज्ञानिक नाटक हो । त्यसैले यसमा मनोविज्ञानलाई प्राथमिकता दिएर शिक्षण प्रविधिको विकासमा जोड दिनुपर्ने कुरालाई उच्चताका साथ प्रस्तुत गरिएको छ । आमाको न्यानो स्नेह नपाउने बालकको चक्चके प्रवृत्तिलाई प्रेमपूर्ण व्यवहारले सपार्न सकिन्छ, केटाकेटीलाई हप्काएर-कुटेर होइन फकाएर-फुल्याएर र सामान्य चाहनाहरू पूरा गरिदिएर मनोवैज्ञानिक रूपले शिक्षा दिनुपर्छ भन्ने देखाउनु नै प्रस्तुत नाटकको मूल उद्देश्य हो । यसरी यसमा शैक्षिक, सामाजिक र मानसिक सुधारको उच्च स्वर प्रकट गरिएको छ । बालकपन भन्नु नै चकचकेपन हो तर विभिन्न परिस्थितिले केही मात्र घटी वा बढी बालकलाई बदमाशी बनाउँछ । त्यसको निराकरण मनोवैज्ञानिक तरिकाले गर्नुपर्छ भन्ने सन्देश व्यक्त गरिएको छ । केटाकेटीहरू बदमाशी गर्छन् भन्ने कुरा ध्रुवका माध्यमबाट देखाइएको छ भने कुनै न कुनै मनोवैज्ञानिक कारण पत्ता लगाई त्यस्ता बालकहरूलाई असल मार्गमा हिँडाउन सकिन्छ भन्ने कुरा सुन्दरलालका माध्यमबाट देखाइएको छ । बालकको नकारात्मक दृष्टिमा भौतिक वस्तुको अभाव या अतृप्त

मानसिक अवस्था कारकका रूपमा उपस्थित भएको हुन्छ । त्यस्तो अवस्थाको अध्ययन नगरी कुनै पनि बालकलाई सही बाटोमा ल्याउन सकिँदैन । त्यसैले बालकको मानसिक अध्ययन नै अतृप्तिको सबैभन्दा ठुलो निराकरणको उपाय हो । मानसिक उपचार नगरी भौतिक कारवाही कुनै पनि बालकलाई गर्दै जाने हो भने त्यो बालक मानवीयभन्दा दानवीय प्रवृत्तितर्फ उन्मुख हुँदै जान्छ । त्यसपछि विभिन्न दुर्घटनाहरू घट्दै जान्छन् । त्यस्तो अवस्थाको निराकरणका लागि बालमस्तिष्कमा मानसिक उपचार गर्नुपर्छ भन्ने कुरामा विशेष जोड दिइएको छ । शिक्षा क्षेत्रमा हुने भौतिक कारबाही रोकी मानसिक उपचार गरी प्रत्येक बालकलाई सही बाटोमा हिँडाउनुपर्छ भन्नु नै यस नाटकको केन्द्रीय कथ्य हो ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, इन्द्रविलास (२०६१). *पश्चिमी साहित्य सिद्धान्त.* ललितपुर : साझा प्रकाशन ।

आप्टे, वामन शिवराम (सन् १९६९). *संस्कृत हिन्दी कोश* (दोस्रो संस्क.). दिल्ली : मोतीलाल बनारसीदास ।

गौतम, कृष्ण (२०५९). आधुनिक *आलोचना : अनेक रूप अनेक पठन* (दोस्रो संस्क.). काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०५८). *पाश्चात्य समालोचना सैद्धान्तिक परम्परा.* भाग २ (तेस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

भण्डारी, कृष्णप्रसाद (२०५८). *फ्रायड र मनोविश्लेषण* (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६४). *उत्तरआधुनिक विमर्श.* काठमाडौँ : मोर्डन बुक्स ।

भारद्वाज, मैथिलीप्रसाद (सन् १९९४). *पाश्चात्य काव्यशास्त्र के सिद्धान्त* (दोस्रो संस्क.). चण्ढीगढ : हरियाणा साहित्य अकादमी ।

मल्ल, विजय (२०६०). *कोही किन बरबाद होस्.* ललितपुर : साझा प्रकाशन ।

रेग्मी, मुरारिप्रसाद (२०५०). *मनोविश्लेषणात्मक समालोचना उपन्यास खण्ड* (दोस्रो संस्क.). काठमाडौंः साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६१). *पूर्वीय तथा पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, ईश्वरकुमार (२०५४). *पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली* (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।